# बागमती गाउँपालिका
# Bagmati Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
भट्टेडाँडा, ललितपुर
**Bhattedanda, Lalitpur**
बागमती प्रदेश, नेपाल
**Bagmati Province, Nepal**


बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भट्टेडाँडा, ललितपुर बागमती प्रदेश, नेपाल २०७३

प.सं. ०७७/०७८
च.नं. ६२६

मिति :-२०७७/०९/२६ गते

**विषय :** सहभागिता सम्बन्धमा ।

**श्री तोकिएका सबै समुदायिक विद्यालयहरू,**
**बागमती गाउँपालिका, ललितपुर ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०७७/०९/२१ को बैठकले गरेको निर्णयअनुसार मिति २०७७ माघ २० र २१ गते श्री कालीदेवी माध्यमिक विद्यालय, बागमती गाउँपालिका-४, प्युटार ललितपुरमा सञ्चालन हुने शैक्षिक मेला २०७७ मा सबै आधारभूत विद्यालय (१–८, निमावि) र माध्यमिक विद्यालयलाई तपसिल बमोजिम अनिवार्य सहभागिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१.मेलामा प्रत्येक विद्यालयले २ ओटा स्टलसम्म लिन सक्नेछन् ।
२.स्टलमा आधुनिक विज्ञान प्रविधि, कला साहित्य, र आविष्कारजस्ता विषयवस्तुमा आधारित विद्यार्थीहरूका मौलिक रचनात्मक कार्यहरूको प्रदर्शनीलाई प्राथमिकता दिइने छ ।
४. विषयको प्रकृति हेरी प्रत्येक स्टलमा कम्तीमा २ विद्यार्थी र १ शिक्षक, बढीमा ३ विद्यार्थी २ शिक्षकको उपस्थिति हुनुपर्ने छ ।
५. उत्कृष्ट प्रदर्शनी गर्ने ४ विद्यालयलाई क्रमशः प्रथम, द्वितीय, तृतीय र सन्त्वना घोषणा गरी नगद पुरस्कार रु.७०००, ५०००, ३०००, १००० प्रदान गरिने छ ।
६. सहभागी हुने विद्यालयका माथि तोकिएबमोजिमका शिक्षक विद्यार्थीहरूको खाना, बस्न र यातायात खर्च आयोजकको तर्फबाट व्यहोरिने छ ।
७. शैक्षिक मेलाको उद्घाटन २०७७ माघ २० गते १० बजे गरिने छ भने समापन २०७७ माघ २१ गते २ :०० बजे गरिने छ ।
८. सहभागी हुने विद्यालयले मिति २०७७ माघ १२ गतेसम्म स्टल सङ्ख्या, विद्यार्थी र शिक्षकको सङ्ख्या उल्लेख गरी कार्यक्रम हुने विद्यालयमा दर्ता गरिसक्नुपर्ने छ ।
९. शैक्षिक मेला २०७७ मा सहभागी हुन नसक्ने विद्यालयले कारणसहित गाउँपालिका शिक्षा शाखामा पत्राचार गर्नुपर्ने छ ।

(शेषकान्त पौडेल)
शाखा अधिकृत
शिक्षा, युवा तथा खेलकूद शाखा

**शेषकान्त पौडेल**
**शाखा अधिकृत**